श्री ५ को सरकार

# वाणिज्य मन्त्रालयको सूचना

## गलैंचा तथा ऊन विकास समिति (गठन) आदेश, २०४६

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "गलैंचा तथा ऊन विकास समिति (गठन) आदेश, २०४६" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा "समिति" भन्नाले दफा ३ बमोजिम गठित गलैंचा तथा ऊन विकास समिति सम्झनुपर्छ ।

३. समितिको गठनः (१) गलैंचा तथा ऊन विकास समिति (यसपछि "समिति" भनिएको) नामको एउटा समिति गठन गरिएको छ ।

(२) उप-दफा (१) बमोजिम समितिमा देहायका सदस्यहरू रहनेछन्:–

(क) माननीय वाणिज्य सहायक मन्त्री वा श्री ५ को सरकारले तोकेको व्यक्ति –अध्यक्ष

(ख) सचिव, वाणिज्य मन्त्रालय –सदस्य

(ग) सचिव, अर्थ मन्त्रालय –सदस्य

(घ) सचिव, उद्योग मन्त्रालय –सदस्य

(ङ) सचिव, गृह मन्त्रालय –सदस्य

(च) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महा संघ –सदस्य

(छ) प्रतिनिधि, केन्द्रीय गलैंचा उद्योग संघ –सदस्य

(ज) प्रतिनिधि, ऊन कार्डिङ उद्योग संघ –सदस्य

(झ) प्रतिनिधि, केन्द्रीय ऊनी धागो उद्योग संघ –सदस्य

(ञ) गलैंचा उत्पादनकर्ता, गलैंचा निकासीकर्ता मध्येबाट दुई/दुई जना तथा ऊन आयातकर्ताहरू मध्येबाट एक/एक जना गरी समितिको अध्यक्षले मनोनीत गरेको पाँच जना –सदस्य

(ट) श्री ५ को सरकारले तोकेको व्यक्ति –सदस्य-सचिव

(३) खण्ड (ञ) बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ र निजहरू अर्को एक अवधिको लागि पुनः मनोनीत हुन सक्नेछन् ।

४८१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको अध्यक्ष तथा सदस्यहरूमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

(५) समितिले आवश्यक देखेमा ऊन र गलैंचा विशेषज्ञहरूलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः (१) नेपाल अधिराज्यमा [गलैंचाको उत्पादन, गुणस्तर विकास र सोको लागि कच्चा ऊनको आयात तथा उत्पादित गलैंचाहरू नेपाल अधिराज्य बाहिर निकासी गर्न आवश्यक व्यवस्थापन सम्बन्धी कार्य गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा उल्लेखित कर्तव्य पालनको लागि समितिले देहायको कामहरू गर्न सक्नेछः–

(क) गलैंचा उद्योगको लागि आवश्यक कच्चा ऊन विदेशबाट पैठारी गरी नियमित रूपमा सरल तरिकाले उपलब्ध गराउने सम्बन्धमा आवश्यक कार्य गर्ने,

(ख) गलैंचा उद्योगको लागि आवश्यक कच्चा ऊन पैठारी गर्दा स्तरीय ऊनमात्र पैठारी हुन सक्ने आवश्यक व्यवस्था अपनाउने,]

(ग) स्तरीय गलैंचा उत्पादनसंग सम्बन्धित सबै पक्षहरूबारे अध्ययन गरी गलैंचाको गुणस्तर निर्धारणसम्बन्धी आवश्यक कार्य गर्ने ।

(घ) गलैंचाको गुणस्तर विकास तथा निकासी प्रवर्द्धन सम्बन्धमा स्वदेश तथा विदेशमा प्रचार, प्रसार र अन्य प्रवर्द्धनात्मक कार्यहरू गर्ने,

(ङ) गलैंचा उद्योगको लागि आवश्यक जनशक्ति विकासको लागि तालीमहरूको आयोजना गर्ने,

(च) गलैंचा निकासी प्रवर्द्धनको लागि सहायक हुने अन्तर्राष्ट्रिय मेला तथा प्रदर्शनीसम्बन्धी जानकारी गराउने र यी मेला, प्रदर्शनीहरूमा प्रतिनिधित्व गराउने सम्बन्धी कार्यमा सहयोग गर्ने,

(छ) अन्तर्राष्ट्रिय बजारमा नेपाली गलैंचाको पहिचान बढाउन मेला तथा प्रदर्शनीहरूको आयोजना गर्ने,

(ज) गलैंचाको निकासी प्रवाहलाई कायम गर्न क्रेता-बिक्रेता भेटघाट कार्यक्रमको आयोजना गर्ने,

(झ) गलैंचाको आन्तरिक र अन्तर्राष्ट्रिय वस्तुस्थिती, मूल्य, विशेष सुविधा, छूट आदिका सम्बन्धमा नियमित रूपमा अध्ययन गरी अद्यावधिक जानकारी उपलब्ध गराउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) गलैंचाको निकासी प्रवर्द्धनको लागि वस्तुगत तथा देशगत बजारहरू अध्ययन गरी बजार विविधिकरणसम्बन्धी कार्य गर्ने,

(ट) स्वदेशमा उत्पादित कच्चा ऊन तथा ऊनी गलैंचाको विस्तृत अध्ययन तथा सर्भेक्षण गरी यसको गुणस्तर विकास तथा निकासी प्रवर्द्धनसम्बन्धी कार्य गर्ने,

(ठ) गलैंचालाई अन्तर्राष्ट्रिय बजारमा बढी प्रतिस्पर्धात्मक बनाई यसको निकासी प्रवाहलाई कायम गर्न कच्चा ऊन तथा गलैंचाको उत्पादनमा वृद्धि, लागत मूल्यमा कमि, गुणस्तरमा सुधार र एकरूपता ल्याउने कार्यहरूमा आवश्यक अध्ययन वा कारवाही गर्ने र गलैंचा उद्योग तथा यसको निकासी व्यवस्थालाई सुव्यवस्थित वा सुसंगठित गर्ने,

(ड) नेपाल अधिराज्यभित्र कच्चा ऊन तथा गलैंचा विकासको लागि चाहिने आधारभूत आवश्यताहरूको सृजना तथा विकास गरी विभिन्न सेवाहरू प्रदान गर्ने,

(ढ) गलैंचाको प्रवर्द्धनको लागि स्वदेश तथा विदेशमा प्रदर्शन तथा बिक्री कक्षहरू आवश्यकता अनुसार स्थापना र संचालन गर्ने,

(ण) ऊन तथा गलैंचाको विकास र निकासी प्रवर्द्धनसम्बन्धी कार्यको सिलसिलामा स्वदेश तथा विदेशमा प्रतिनिधि मण्डल बोलाउने पठाउने व्यवस्था गर्ने,

(त) गलैंचाको उत्पादन तथा निकासी व्यवस्थामा लागेका वा लाग्न चाहने-हरूलाई ऊन तथा गलैंचा र विदेशी बजारसम्बन्धी आवश्यक जानकारी उपलब्ध गराउनुको साथै आवश्यक परामर्श तथा सेवा प्रदान गरी उत्पादन तथा निकासी कार्यमा सक्रिय गराउने,

(थ) गलैंचा व्यवसायमा लागेका वा लाग्न चाहनेहरूलाई स्वदेश तथा विदेशको वैदेशिक व्यापारसम्बन्धी नीति, ऐन, नियम तथा भन्सार दर सम्बन्धी आवश्यक जानकारी उपलब्ध गराउने,

(द) गलैंचा उद्योगबाट वातावरणमा परिरहेको प्रदूषण रोक्ने कार्यमा आवश्यक सरसल्लाह तथा सुझाव दिने,

(ध) कच्चा ऊन तथा गलैंचासम्बन्धी समस्याहरूको नियमित अध्ययन गरी सुधारका लागि अपनाउनु पर्ने उपायहरूको खोजी गर्ने,

(न) समितिका तर्फबाट गरिने कुनै कार्य वा कारोवार आंशिक वा पूर्ण रूपमा सम्पन्न गर्न श्री ५ को सरकारको पूर्व स्वीकृति लिई विदेशी वा



483

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्वदेशी निकाय, संघ, संस्थानहरूसंग सम्झौता गरी परामर्श सेवा लिने दिने र प्राविधिक एवं आर्थिक सहायता, चन्दा तथा ऋण आदि उपलब्ध गर्ने,

(प) गलैंचाको उत्पादन, गुणस्तर विकास, कच्चा ऊनको आयात तथा उत्पादित गलैंचाको निकासी सम्बन्धमा शुल्क लिई आवश्यक सेवा उपलब्ध गराउने,

(फ) कच्चा ऊन तथा गलैंचाको अतिरिक्त अन्य ऊनी सामानहरूको उत्पादन विकास तथा निकासी प्रवर्द्धनसम्बन्धी आवश्यक कार्यहरू गर्ने,

(ब) समितिको वार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्ने,

(भ) समितिले गरेको कामको वार्षिक प्रतिवेदन श्री ५ को सरकारमा पेश गर्ने,

(म) श्री ५ को सरकारले तोकेको अन्य काम गर्ने ।

५. समितिको बैठक र निर्णयः (१) समितिको बैठक अध्यक्षले तोकेबमोजिम बस्नेछ ।

(२) समितिको एक तिहाई सदस्यहरूले बैठकको लागि लिखित माग गरेमा समितिको सदस्य-सचिवले समितिको अध्यक्षलाई जानकारी दिई बैठक बोलाउनु पर्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) समितिको बैठक सम्बन्धित अन्य कार्यविधि समिति आफैंले निर्धारण गर्नेछ ।

६. सेवा शुल्क लिन सक्ने: गलैंचाको उत्पादन, गुणस्तर विकास तथा निकासी प्रवर्द्धनसंग सम्बन्धित विभिन्न पक्षहरूमा प्रदान गरिने सेवा, परामर्श तथा सिफारिशको लागि समितिले आवश्यकता अनुसारको सेवा शुल्क लिन सक्नेछ ।

४८८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. समितिको कोषः (१) समितिको एउटा कोष रहनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन् ।

(क) श्री ५ को सरकारबाट प्राप्त रकम ।

(ख) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्रदान गरेको रकम ।

(ग) समितिले प्रदान गरेको विभिन्न सेवा वापत प्राप्त रकम ।

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) समितिको सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(३) समितिको कोषको सन्चालन समितिले बनाएको नियम बमोजिम हुनेछ ।

(४) श्री ५ को सरकार, विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट जुन कार्यक्रम वा कामको लागि रकम प्राप्त भएको छ सो रकम सोही कार्यक्रम र काममा खर्च गर्नु पर्नेछ ।

(५) समितिले विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थानबाट आर्थिक सहायता, चन्दा वा ऋण प्राप्त गर्नु अघि श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

८. लेखा र लेखापरीक्षणः (१) समितिको आय व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरिका बमोजिम राखिनेछ ।

(२) समितिको लेखा परिक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै वखत पनि समितिको हिसाब किताब जाच्न वा जचाउन सक्नेछ ।

९. अधिकार प्रत्यायोजनः समितिले आवश्यकतानुसार आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य वा सदस्य-सचिव वा सदस्यहरूको उप-समिति वा समितिको अधिकृत तहको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१०. नियमहरू बनाउन सक्नेः समितिले आफ्नो कार्य सञ्चालनको लागि श्री ५ को सरकारको स्वीकृतिलिई नियमहरू बनाउन सक्नेछ ।

११. श्री ५ को सरकारसंग सम्पर्कः समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा वाणिज्य मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१२. समितिको कार्यालयः समितिको कार्यालय काठमाडौंमा रहनेछ ।

आज्ञाले,

दुर्गाप्रकाश पाण्डेय

श्री ५ को सरकारको सचिव

४८२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

श्री ५ को सरकारले नगर विकास ऐन,२०४५ को दफा २०.२ बमोजिमको पुनरावेदन समितिमा खण्ड ४०, संख्या ३४, मिति २०४७।८।२४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको क्र.सं. २ अनुसारको सदस्यको सट्टा भवन विभागका महा-निर्देशक श्री लेखराज उपाध्यायलाई तोकेको छ।

आज्ञाले,
शिवबहादुर प्रधानाङ्ग
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

४८६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४६।७।२१ को निर्णयानुसार कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सचिव श्री बलरामसिंह मल्ललाई न्याय सेवाको रा. प. विशिष्ट श्रेणीबाट प्रशासन सेवाको समान श्रेणीमा सेवा परिवर्तन गरी मन्त्रिपरिषद् सचिवालयको सचिव पदमा पदस्थापन गरेको छ ।

### सूचना २

श्री ५ को सरकारले मिति २०४६।७।२१ को निर्णयानुसार कानून सुधार आयोगका सदस्य-सचिव श्री वेदव्यास क्षेत्रीलाई कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सचिव पदमा सरुवा गरेको छ ।

आज्ञाले,
मधुसूदनप्रसाद गोर्खाली
श्री ५ को सरकारको मुख्य सचिव

### सूचना ३

स्थानीय विकास मन्त्रालयका का.मु. सचिव श्री भोलानाथ चालिसे आफ्नो पिताको निधन भै क्रिया बिदामा बस्नु भएकोले उहाँ क्रिया बिदाबाट फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री कृष्णप्रसाद शर्मालाई मिति २०४६।८।४ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ४

राष्ट्रिय योजना आयोगको सचिवालयका का.मु.सचिव श्री रवीन्द्रकुमार शाक्य म्यानमारको यांगुनमा हुने कोलम्बो योजना परामर्शदातृ समितिको ३४ औं बैठकमा भाग लिन त्यसतर्फ प्रस्थान गर्नु भएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही सचिवालयका सह-सचिव श्री खेमराज नेपाललाई मिति २०४६।८।८ देखि कायम मुकायम मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ५

श्री ५ को सरकारले मिति २०४६।७।२१ को निर्णयानुसार जल तथा शक्ति आयोगका कार्यकारी निर्देशक श्री सूर्यनाथ उपाध्यायलाई न्याय सेवाको रा.प.प्रथम श्रेणी (सह-सचिवस्तर) बाट लोक सेवा आयोगको परामर्शमा प्रशासन सेवाको समान श्रेणीमा सेवा परिवर्तन गरी निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी जलस्रोत मन्त्रालयको सचिव पदमा कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०४६।८।१ को निर्णयानुसार सुकुम्वासीको नाममा अव्यवस्थित रूपमा बसोवास गरिरहेकाहरू र भूमिहिन निःसहाय परिवारहरूलाई योजनाबद्ध रूपमा बसोबास गराउन र विगत वर्षहरूमा राजनीतिकपीडित, दैवी प्रकोप पीडित जस्ता आधारमा जग्गा उपलब्ध गराई बसोवास गराउने भनी श्री ५ को सरकार (मं.प.) को निर्णय भई कार्यान्वियन गर्न बाँकी रहेका काम सम्पन्न गराउन केन्द्रीय स्तरमा माननीय सांसद सुश्री शैलजा आचार्यको अध्यक्षतामा देहायबमोजिमका सदस्यहरू भएको सुकुम्वासी समस्या समाधान आयोग गठन गरी आयोगको काम, कर्तव्य एवं अधिकार तथा सचिवालय रहने स्थान देहायबमोजिम तोकेको छ ।

१. (क) आयोगको गठनः

| | | |
|---|---|---|
| १. | माननीय सांसद, सुश्री शैलजा आचार्य | – अध्यक्ष |
| २. | माननीय सांसद, श्री टेकबहादुर चोख्याल | – सदस्य |
| ३. | सचिव, वन तथा वातावरण मन्त्रालय | – " |
| ४. | सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | – " |
| ५. | सचिव, गृह मन्त्रालय | – " |
| ६. | सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय | – " |
| ७. | सचिव, आवास तथा भौतिक योजना मन्त्रालय | – " |
| ८. | विशिष्ट श्रेणीका अधिकृत, श्री बसन्तप्रसाद कायस्थ | – सदस्य-सचिव |

४८८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) आयोगको अध्यक्षको स्तर मन्त्री सरह हुनेछ । यस आयोगमा सदस्य रहेका राजनैतिक व्यक्तिका अतिरिक्त आयोगका अध्यक्षले आवश्यक ठानेमा अन्य एक जना राजनैतिक व्यक्तिलाई आयोगको सदस्यमा मनोनीत गर्न सक्नेछ र यी राजनैतिक सदस्यहरूको स्तर सहायक मन्त्री सरह हुनेछ ।

(ग) राजनीतिक नियुक्ति भएका केन्द्रीयस्तरका सदस्यहरूलाई नीति निर्माणमा सहभागी गराइनेछ ।

२. आयोगको काम, कर्तव्य र अधिकारः

१) खण्ड (१) मा उल्लेख भए अनुसार सुकुम्वासी समस्या समाधान गर्ने क्रममा आयोगले श्री ५ को सरकार (मं.प.) को मिति २०४७।१२।१८ को निर्णयानुसार निर्देशित जग्गाहरू सम्बन्धित निकायबाट प्राप्त गरी ती जग्गाहरू आयोगको निर्णयानुसार वितरण गर्ने । ग्रामीण आवास तथा वस्ती विकास कम्पनीलाई निर्दिष्ट क्षेत्रको जग्गामा बसोवास गरेका सुकुम्वासीहरूका सम्बन्धमा सो कम्पनीसँग समन्वय राखी वितरणको व्यवस्था मिलाउने र साथै, सुकुम्वासीहरूलाई बसोवास गराउने सम्बन्धमा नगर विकास योजना तथा ग्रामीण आवास तथा वस्ती विकास कम्पनीले सञ्चालन गरेको योजनाहरूमा समन्वय ल्याउन आयोगले आवश्यक निर्देशन दिन सक्नेछ ।

२) आयोगले आफ्नो कामको सिलसिलामा तोकिएको अधिकार क्षेत्रभित्र रही दिएको आदेश वा निर्देशनको (न्यायपालिका र शाही नेपाली सेना बाहेक) सम्बन्धित क्षेत्रीय, अञ्चल, जिल्ला तथा मातहतका कार्यालयहरूले अविलम्ब अनिवार्य कार्यान्वयन गर्नुपर्ने गरी सम्बन्धित मन्त्रालयबाट त्यस्ता कार्यालयहरूलाई निर्देशन दिने ।

३) अध्यक्षलाई आफ्नो कार्य सम्पादन गर्न देहायबमोजिम अधिकार प्राप्त हुनेछ– स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी–

१) जग्गा नाप जाँच ऐन, २०१९ को दफा ३ को प्रयोजनको लागि जग्गा नाप जाँच नियमावली, २०३२ को नियम ३, ७, ८ र १२ बमोजिमको अधिकारीका अधिकारहरू र जग्गा नाप जाँच ऐन, २०१९ को दफा ११ (ख) बमोजिमको समितिको अधिकार ।

२) मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (४) दफा २९ र ३० बाहेक अन्य दफा अन्तर्गत मालपोत कार्यालय र सो कार्यालय प्रमुखलाई भएको अधिकार र कर्तव्यहरू ।

३) मालपोत ऐन, २०३४ को दफा २६ को उपदफा (१) र मालपोत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नियमावली, २०२६ को नियम १६ को उपनियम (१) बमोजिम तोकिएको समितिको अधिकार।

४) स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ क र ६ ख अनुसार प्रमुख जिल्ला अधिकारीको अधिकार तथा कर्तव्यहरू।

५) वन ऐन, २०१८ को दफा ३,३क र ४ बमोजिमको अधिकार।

(४) माथि उल्लेख गरेबमोजिम अध्यक्षलाई दिइएको अधिकार बाहेक देहायका अधिकार आयोगको हुनेछ ।

(१) विगतका वन सुदृढीकरण आयोग, बसोवास समिति, पुनर्वास कम्पनी, ग्रामीण आवास तथा वस्ती विकास कम्पनी जस्ता निकायले अनियमित गरेकोलाई नियमित गर्ने अधिकार,

(२) जग्गा वितरण गर्दा जग्गाको हद (क्षेत्रफल) र मूल्य निर्धारण गर्ने अधिकार ।

५) आयोगले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्न सक्नेछ ।

६) आयोगका अध्यक्षलाई वा आयोगलाई प्राप्त अधिकारहरू आयोगका अध्यक्षले वा आयोगले आयोगका सदस्य वा जिल्ला समितिको कुनै पदाधिकारी वा सदस्य वा श्री ५ को सरकारको कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

७) जिल्लास्तरमा जिल्ला समिति र निर्वाचन क्षेत्रको आधारमा क्षेत्रीय समिति राख्न सकिनेछ । यी समितिहरूमा सकभर सो जिल्लाका सांसद, स्थानीय निकायका पदाधिकारीहरू, समाजसेवी एवं कार्यकर्ताहरू समावेश गरिनेछन् । आयोगका अध्यक्षले जिल्लास्तरमा आवश्यकतानुसार जिल्ला समितिहरू गठन गर्न सक्नेछ। जिल्ला समितिको काम, कर्तव्य र अधिकार एवं सुविधाहरू आयोगले तोके बमोजिम हुनेछ। आयोगका अध्यक्षले आवश्यक ठानेमा स्थानीय व्यक्तिको प्रतिनिधित्व हुने गरी स्थलगत सहयोग समिति गठन गर्न सक्नेछ ।

३. आयोगको सचिवालयः

आयोगको एक छुट्टै सचिवालय र छुट्टै सदस्य सचिवको व्यवस्था हुनेछ। आयोगको निर्णय कार्यान्वयन गर्ने जिम्मेवारी समेत सोही सचिवालयको हुनेछ । आयोगको सम्पर्क मन्त्रालय आवास तथा भौतिक योजना मन्त्रालय हुनेछ ।

आज्ञाले,
शिवबहादुर प्रधानाङ्ग
श्री ५ को सरकारको सचिव

880



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।